☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## रूकम (पश्चिम भाग)

कार्यालय कोड नं: ३१२०१५९०२६

पत्र संख्याः- २०८२/८३ प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/१२
सूचना नं.-७

विषयः **कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!**

यस कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्ने लक्ष रहेकाले लक्षित क्षेत्रका इच्छुक कृषि फर्म/कम्पनी/कृषक समूह/समिति/कृषि सहकारी संस्थाबाट कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८२/०८/१२ गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुनआएका निबेदनउपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website: adorukumwest.karnali.gov.np* हेर्न वा कार्यालयको टलिफोन नं. *८८-५३००१९* मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | परिमाण | बजेट (रु. हजार) | कैफियत |
|---|---|---|---|---|
| १ | गरिव तथा बिपन्न लक्षित वर्ग विशेष कार्यक्रम | २ | १५०० | गरिबिको सुचकाङ्कमा निर्दिष्ट भए अनुसारका बिपन्न समूदायबाट आबेदन पेश गर्नु पर्ने |
| २ | मूख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | १ | १५० | बिगतमा यसै बिधामा पुरस्कृत ब्यक्तिले ५ बर्ष सम्म प्रतियोगितामा सहभागि हुन नपाउने |
| ३ | वेमौसमी तरकारी खेती गर्ने कृषकहरुलाई संरचना भित्र गरिने खेतीमा आवस्यक पर्ने सामाग्रि सहयोग | १ | ४०० | बेमौसमी तरकारी खेती गरिरहेको कृषक हुनु पर्ने |
| ४ | प्रोत्साहन अनुदान कार्यक्रम (तरकारी/ फलफूल/ मौरी/ अदुवा/ वेशार) | १ | ४०० | कार्यबिधिमा तोकिए बमोजिम क्षेत्रफल/संख्या पुगेको र कुनैपनि निकायबाट अनुदान नलिई वाली/बस्तु उत्पादन गरेको हुनु पर्ने |
| ५ | बीउ आलु उत्पादन सहयोग कार्यक्रम (मुसीकोट-८) | १ | ४०० | रोग मुक्त क्षेत्रमा समूहगत रुपमा बीउ आलु उत्पादन गर्न इच्छुक फर्म/समूह/सहकारीले मात्र |
| ६ | रोडकोरिडोर तरकारी उत्पादन कार्यक्रम (भेरी, राप्ती र मध्यपहाडी रोड कोरिडोर) | ३ | २००० | मौसमी तथा बेमौसमी तरकारी खेतीसंग सम्बन्धित |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | परिमाण | बजेट (रु. हजार) | कैफियत |
|---|---|---|---|---|
| ७ | व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | १ | २००० | कार्यक्रममा दोहोरोपन नपर्ने गरी क्लस्टरमा बेमौसमी तरकारी खेती गर्न उपयुक्त स्थान |
| ८ | जलवायुमैत्री एग्रो-इकोलोजिकल मोडेल भिलेज स्थापना तथा विकास कार्यक्रम (प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम संचालन भएको क्षेत्र) | १ | ५०० | एउटा निश्चित भूगोललाई समेटने गरी समूहबाट आवेदन पेश हुनु पर्ने |
| ९ | नमुना ब्यवसायिक स्याउ बगैचा स्थापना तथा विकास कार्यक्रम (त्रिबेणी गाउँपालिका) | १ | १२०० | बगैचा एक स्वामित्व अनेकको मर्म अनुसार उच्च वा मध्यम घनत्वमा आधारित लो-चिलङ्ग जातको स्याउ बगैचा स्थापना गर्न इच्छुक फर्म वा समूह/सहकारी |
| १० | व्यावसायिक किवी बगैचा स्थापना तथा विकास कार्यक्रम (आठबिसकोट/बाँफिकोट) | १ | १००० | किवी बगैचा ब्यवस्थापन तथा क्षेत्र बिस्तार सम्बन्धि कार्य गर्ने गरी |
| ११ | सुन्तालाजात फलफुल (सुन्तला/कागती) नमुना बगैचा स्थापना तथा विकास कार्यक्रम | १ | २००० | नबिनतम खेती प्रबिधिकमा आधारित नमुना बगैचा स्थापना गर्न उपयुक्त स्थानबाट कम्तिमा ५० वा सो भन्दा बढि संख्यामा बिरुवा लगाउन इच्छुक ब्यक्ति/फर्मबाट निबेदन पेश हुनु पर्ने |
| १२ | नवीनतम फलफुल (जापानी हलुवावेद, बेरी) बगैचा स्थापना (मुसीकोट नगरपालिका) | १ | १३०० | नबिनतम प्रबिधिकमा आधारित नमुना फलफूल बगैचा स्थापना गर्न उपयुक्त स्थानबाट कम्तिमा ३० बिरुवा लगाउन इच्छुक ब्यक्ति वा फर्मबाट निबेदन पेश हुनु पर्ने |
| १३ | स्याउ/ओखर बगैचा स्थापना तथा ब्यवस्थापन (मुसिकोट, आठबिशकोट, सानीभेरी) | ३ | २००० | आधुनिक खेती प्रबिधिकमा आधारित बगैचा स्थापना गर्न उपयुक्त स्थानबाट बगैचा एक स्वामित्व अनेकको मर्म अनुसार बिरुवा लगाउन इच्छुक ब्यक्ति/फर्म समेटी निबेदन पेश हुनुपर्ने |
| १४ | फलफूल नर्सरी श्रोत केन्द्र स्थापना | १ | १००० | नर्सरी स्थापना गर्न चाहेको स्थानमा |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | परिमाण | बजेट (रु. हजार) | कैफियत |
|---|---|---|---|---|
| | तथा विकास कार्यक्रम (जिल्लाको कुनै उपयुक्त स्थान) | | | बगैचामा कुनै प्रकारको रोगको संक्रमण नभएको र स्वस्थ बिरुवा उत्पादन गर्न चाहने फर्म/समूह/सहकारीबाट निबेदन पेश हुनु पर्ने |
| १५ | कृषि उपज संकलन केन्द्र निर्माण तथा सञ्चालन (जिल्लाको कुनै उपयुक्त स्थान) | १ | १००० | संस्थाको नाममा दर्ता भएको संकलन केन्द्र निर्माण गर्न उपयुक्त जमिनको जग्गा धनी प्रमाण पूर्जा र कित्ता नं स्पस्ट देखिने ट्रेस नक्सा सहितको निबेदन पेश गर्नु पर्ने |
| १६ | स्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | १ | २००० | बिगतमा निर्मित पूर्वाधारहरु रहेको स्थानमा नयाँ संरचना निर्माण भन्दा निर्मित संरचनाहरुको संचालनमा ध्यान दिनु पर्ने |

<u>आवश्यक कागजातहरु</u>:

१. कृषक समूह/सहकारी/फर्म/कम्पनीको हकमा संस्था दर्ताको प्रमाण पत्र, स्थायी लेखा नंबर र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
२. कृषक समूह/सहकारी संस्था/समितिको हकमा अनुदान माग गर्ने निर्णयको प्रतिलिपि
३. ब्यक्तिगत कृषकको हकमा नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण-पत्रको प्रतिलिपि ।
५. खेती ब्यवसाय संचालन गर्न जग्गा भाडामा लिएको भए संझौता पत्रको प्रतिलिपि ।
६. अनुसूचि ४ बमोजिमको निबेदन ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख